**प्रस्ताव एवं निर्णय नं. :- १**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक निकायहरुले प्रस्तुत गर्नुपर्ने विवरण विभिन्न कार्यालयहरुबाट हालसम्म पनि सार्वजनिक नगरिएको व्यहोरा आजको यस बैठकबाट जानकारी प्राप्त हुन आएकोले २०७६ पौष १६ गते भित्र अनिवार्य रुपमा जिल्लास्थिति सम्पूर्ण सरकारी कार्यालय र स्थानीय तहले सो बमोजिमको विवरण सार्वजनिक गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव एवं निर्णय नं. :- २**

जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालय एवं स्थानीय तहहरुमा तोकिएका सूचना अधिकारीहरुको नाम, फोटो, सम्पर्क नं. सहितको उपयुक्त साइजको Flex Print कार्यालयमा सबैले सजिलै देख्ने स्थानमा राख्ने निर्णय गर्दै सोका लागि सबै सूचना अधिकारीहरुले आ-आफ्नो कार्यालयमा आवश्यक पहल एवं समन्वय गर्ने निर्णय गरियो ।

**प्रस्ताव एवं निर्णय नं. :- ३**

जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा शीतलहरसँग सम्बन्धित आवश्यक जानकारीहरु लगायतका विभिन्न समयमा स्थानीय तह एवं अन्य सरकारी कार्यालयहरुबाट माग गरिएका विवरणहरु समयमै प्राप्त नभई कार्य सम्पादनमा असर परिरहेकोले अन्य उप्रान्त विभिन्न सरकारी निकायहरुद्वारा एक अर्काबाट माग गरिएका विवरणहरु समयमै प्रेषित गर्न सम्बन्धित कार्यालयका सूचना अधिकारीहरुले समेत आ-आफ्नो संगठन भित्र आवश्यक पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव एवं निर्णय नं. :- ४**

सार्वजनिक निकायहरुले आ-आफ्नो संस्थाको गतिविधीको सूचना Facebook/Tweeter लगायतका सामाजिक संजालहरु मार्फत समेत सार्वजनिक गर्ने गराउने निर्णय गरियो ।

७६।८।२०